मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

**मिति २०७९/०५/१२ गते बसेको नगर कार्यपालिकाको बैंठकको प्रस्ताव तथा निर्णय**

**प्रस्तावहरु :**

प्रस्ताव नं १ : नगर कार्यपालिकाको अघिल्लो बैंठकको निर्णय समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं २ : उपभोक्ता समिति गठन सम्बन्धमा ।

प्रस्ताव नं ३ : अन्तरपार्टी महिला संजालबाट पेश भएको प्रस्तावनाको सम्बन्धमा ।

प्रस्ताव नं ४ : गठित समिति अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं ५ : कार्यविधि संशोधन तथा स्वीकृत सम्बन्धमा ।

प्रस्ताव नं ६ : विविध

क. वडा नं १३ बाट पेश भएको योजना संशोधन सम्बन्धमा ।

ख. सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा ।

ग. कृषि तथा पशु सेवा केन्द्रको भवन निर्माण सम्बन्धमा ।

घ. कुमारीचोक तथा केन्द्रीय तहसील कार्यालयबाट प्राप्त लगत कस्ने पत्रको सम्बन्धमा ।

ङ. "घ" वर्गको निर्माण व्यवसाय ईजाजत पत्र उपलब्ध गराउने सम्बन्धमा ।

च. घरदर्ता अभिलेखीकरण सम्बन्धमा ।

छ. फट्केश्वर छापभन्ज्याङ सडक मर्मत संभार सम्बन्धमा ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

**निर्णय नं १**

यस नगरपालिकाको मिति २०७९/०४/२६ गते बसेको कार्यपालिकाको बैंठकबाट भएका निर्णय कार्यान्वयनको सम्बन्धमा मेलम्ची नगरपालिका वडा नं १ र २ मा गएको पहिरो व्यवस्थापनको लागि भएको कार्य प्रगतिको सम्बन्धमा छलफल हुनुको साथै अन्य निर्णयको कार्यान्वयनका बारेमा समेत बृहत छलफल एवं समीक्षा गरियो ।

**निर्णय नं २**

आर्थिक वर्ष २०७९/०८० मा संचालन हुने गरी स्वीकृत भएका योजना तथा कार्यक्रमहरु संचालनको लागि नगरपालिकामा गठित खरिद इकाईको निर्णय बमोजिम मिति २०७९ साल भाद्र मसान्तसम्म उपभोक्ता समितिहरु गठन गरी नगरपालिकामा पठाउन सबै वडा कार्यालयलाई पुन:पत्राचार गर्ने साथै योजना संचालन तथा सम्झौताको लागि देहाय बमोजिमको प्रकृया अवलम्बन गर्ने निर्णय गरियो ।

- नगरभित्र संचालन हुने योजना तथा कार्यक्रम कार्यान्वयनको लागि संस्थागत, दीगो र व्यवस्थित संरचनाको विकास गर्न पालिकासँग मौज्दात रहेको टोल विकास समिति संचालन तथा परिचालन सम्बन्धी कार्यविधिलाई संशोधन गर्न आगामी कार्यपालिका बैठकमा बृहत छलफल गर्ने निर्णय गरियो ।
- चालु आर्थिक वर्षमा संचालन हुने योजना तथा कार्यक्रमहरुको सम्झौता गर्न अनलाईन प्रणाली अवलम्बन गरिने भएकाले चालु आर्थिक वर्षमा नगरबाट स्वीकृत भएका सम्पूर्ण योजना तथा कार्यक्रमहरुको सम्झौता नगरपालिका कार्यालयबाट गर्ने निर्णय गरियो । साथै, उक्त कार्यको सहजीकरणको लागि सम्भव भएसम्म वडामा नै प्रतिनिधि खटाई सम्झौताको फाईल संकलन योजना तथा अनुगमन शाखाले गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

नेपाली नारीहरुको महान चाड तिजको अवसरमा विविध कार्यक्रम संचालन तथा व्यवस्थापनको लागि नगरस्तरीय अन्तरपार्टी महिला संजालबाट पेश भएको प्रस्तावना बमोजिम कार्यक्रम संचालन तथा व्यवस्थापन गर्न चालु आर्थिक वर्ष २०७९/०८० को लागि महिला बालबालिका तथा सामाजिक समावेशीकरण शाखाको स्वीकृत दिवसीय कार्यक्रम शीर्षकबाट रु २,५०,०००/- (दुइ लाख पचास हजार रुपैया मात्र) कार्यक्रम सम्पन्न भएपश्चात कार्यक्रमको प्रतिवेदन, सो सम्बन्धी बिल तथा भरपाई प्राप्त भएपछि उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ४**

भुमिहिन दलित , भुमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको व्यवस्थापनको लागि नगरस्तरीय स्थानीय सहजीकरण समिति गठन भएकोमा गठित देहाय बमोजिमको समितिलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**तपशिल :**

| | |
|---|---|
| नगर प्रमुख श्री आइतमान तामाङ | -संयोजक |
| उपप्रमुख श्री उमा प्रधान | -सह-संयोजक |
| कार्यपालिका सदस्य श्री देनेश घले | -सदस्य |
| कार्यपालिका सदस्य श्री गोमा दुलाल | -सदस्य |
| नेपाली काँग्रेस पार्टी प्रतिनिधी- श्री होमनाथ दाहाल | -सदस्य |
| ने क पा एमाले पार्टी प्रतिनिधि- श्री विजयकृष्ण श्रेष्ठ | -सदस्य |
| ने क पा माओवादी (केन्द्र) पार्टी प्रतिनिधि- श्री गोपाल नेपाल | -सदस्य |
| रा प्र पा पार्टी प्रतिनिधि पार्टी प्रतिनिधी - श्री कुमारी तामाङ | -सदस्य |
| ने क पा समाजवादी पार्टी प्रतिनिधी - श्री बिनोद खनाल | -सदस्य |
| ज स पा पार्टी प्रतिनिधि पार्टी प्रतिनिधी - श्री नारायण कार्की | -सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत श्री अमृत कुमार धिताल | -सदस्य सचिव |

**निर्णय नं ५**

नगरपालिकामा गठित विधायन समितिमा छलफल भई स्वीकृतको लागि कार्यपलिकामा सिफारिस भई आएको देहाय बमोजिमको कार्यविधि स्वीकृत गर्नुको साथै मेलम्ची नगरपालिकाको कृषि विकास कोष व्यवस्थापन तथा संचालन कार्यविधि, २०७४ को प्रथम संशोधन स्वीकृत गर्ने निर्णय गरियो ।

**तपशिल :**

क. मेलम्ची नगरपालिकाको छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधि, २०७९

ख. मेलम्ची नगर खेलकुद विकास समिति गठन तथा परिचालन कार्यविधि, २०७९

ग. कृषि विकास कोष व्यवस्थापन तथा संचालन कार्यविधि, २०७४ को दफा २४ मा रहेको "श्रावण मसान्त" भन्ने शब्दको सट्टामा "प्रथम त्रैमासिक भित्र" भन्ने राखिएको ।

**विविध :**

१. मेलम्ची नगरपालिका वडा नं १३ को चालु आर्थिक वर्ष २०७९/०८० स्वीकृत वार्षिक कार्यक्रमबाट देहाय बमोजिम योजना तथा कार्यक्रम संशोधनको लागि पेश भएको हुँदा संशोधन गर्ने निर्णय गरियो ।

**तपशिल :**

| हालको योजनाको नाम | रकम रु. | संशोधन भएको योजनाको नाम | रकम रु. |
|---|---|---|---|
| साना सिंचाई मर्मत तथा संभार | ३०००००।- | पानी तान्ने पम्प खरिद | ३०००००।- |

२. सामाजिक सुरक्षा भत्ता विवरण तथा सो सम्बन्धी देखिएका समस्याको बारेमा छलफल गर्नको लागि आज दिनको ४:०० बजे सामाजिक सुरक्षा वितरण गरिरहेका बैंक तथा वित्तीय संस्थासँग नगरपालिका कार्यालयमा बैंठक बस्ने निर्णय गरियो ।

३. ग्रामिण उद्यम तथा आर्थिक विकास आयोजना, आर्थिक करिडोर कार्यालय, पाख्रिवास, धनकुटाले यस नगरपालिका अन्तर्गतको कृषि तथा पशु सेवा केन्द्रको भवन निर्माण गर्नको लागि जग्गा उपलब्ध गराईदिन अनुरोध भएकोमा मेलम्ची नगरपालिका वडा नं ११ (साविक मेलम्ची गाविस भवन रहेको) स्थान हाल उपयोग गर्न जोखिम रहेको हुँदा उक्त कच्ची भवन भत्काएर सो स्थानमा कृषि तथा पशु सेवा केन्द्रको भवन निर्माण कार्य गर्न जग्गा उपलब्ध गराउने निर्णय गरियो ।

४. मेलम्ची नगरपालिका वडा नं ६ साविक तालामाराङ गाविसको असुल उपर गर्ने वेरुजुको सम्बन्धमा देहाय बमोजिमका व्यक्ति तथा संस्थालाई पटक पटक अनुरोध गर्दा पनि बेरुजु रकम दाखिला हुन नसकेको हुँदा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० अनुसार नियमित फछौंट तथा फरफारक हुन नसकेका, गर्न नमिल्ने र सोसँग सम्बन्धित नियममा उल्लिखित सम्पूर्ण कारबाही गरिसकिएको हुँदा सोही ऐनको दफा ४७ को उपदफा (३) अनुसार लगत कस्न कुमारीचोक तथा केन्द्रीय तहसील कार्यालयमा पठाउने निर्णय गरियो ।

**तपशिल :**

| सि. नं | नाम, थर ठेगाना | रकम |
|---|---|---|
| १ | गोपाल बस्नेत | रु २५०००।- |
| २ | भिम बहादुर तामाङ | रु १००००।- |
| ३ | बुद्धिबहादुर अर्याल | रु १५०८९०।६५ |
| ४ | प्रगतिशिल दलित समूह | रु ३३०००।- |

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

५. "घ" वर्गको निर्माण व्यवसाय ईजाजत सम्बन्धी कार्यविधि, २०७७ को दफा २ को उपदफा (१) बमोजिम निर्माण व्यवसाय संचालन गर्नको लागि मेलम्ची नगर कार्यपालिकामा पेश हुन आएका तपशिल बमोजिमका निर्माण व्यवसाय/प्रा. लि लाई सोही ऐन दफा २ को उपदफा (३) बमोजिम "घ" वर्गको निर्माण व्यवसाय ईजाजत प्रदान गर्ने निर्णय गरियो ।

**तपशिल :**

| सि.नं | निर्माण व्यवसाय/फर्म | संचालक/ प्रोपाईटर | ठेगाना |
|---|---|---|---|
| १ | गिरी एण्ड ब्रदर्श मल्टी कम्पनी प्रा लि | सुशान गिरी | मेलम्ची नगरपालिका वडा नं ९ |
| २ | टेक्निप कन्स्ट्रक्शन प्रा लि | महेश चौलागाई | मेलम्ची नगरपालिका वडा नं १ |
| ३ | थाक्ले महाकाली कन्स्ट्रक्शन एण्ड सप्लायर्स प्रा लि | तारा कुमारी तामाङ | मेलम्ची नगरपालिका वडा नं १२ |

६. यस नगरपालिका क्षेत्रभित्र नक्सापास नगरी निर्माण सम्पन्न भएका नीजि घरहरु २०८० साल असार मसान्तसम्म दर्ता तथा अभिलेखीकरण गर्नको लागि सरोकारवालाले जानकारी प्राप्त गर्ने गरी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

७. मेलम्ची नगरपालिका लगायत आसपासका पालिकाहरुमा काठमाडौंबाट ओहोरदोहोर गर्नको लागि वैकल्पिक सडकको रुपमा प्रयोग हुने मेलम्ची नगरपालिका वडा नं १३ मा पर्ने फट्केश्वर छापभन्ज्याङ सडक मर्मतको लागि खर्च भएको रकम रु १११४४३०।– क्रशर व्यवसायीबाट अतिरिक्त शुल्क वापत जम्मा भएको आन्तरिक आम्दानीबाट व्यहोर्ने गरी भुक्तानी गर्ने निर्णय गरियो ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल